# संस्थापक शेयर खरीद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनी महानुभावहरुलाई लिलाम बढाबढको फारम भरी शेयर खरीदको आशयपत्र पेश गर्ने सम्बन्धी जरुरी सूचना

**प्रकाशित मिति : २०८२/०५/१०**

यस वित्तीय संस्थाका केही संस्थापक शेयरधनीहरुले आ-आफ्नो नाममा कायम रहेको शेयर मध्येबाट कुल ३,५१,४४० कित्ता संस्थापक शेयर लिलाम बढाबढबाट बिक्री गर्नका लागि सञ्चालक समिति समक्ष निवेदन दिनु भएकोमा समितिमा छलफल भई निवेदन दिएका संस्थापक शेयरधनीहरुको शेयर बिक्री गर्नका लागि स्वीकृति प्रदान गर्ने र बिक्री प्रकृयालाई अगाडी बढाउने निर्णय भए बमोजिम उक्त शेयर बिक्रीका सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ निर्देशन नं. १०/०८१ बमोजिम संस्थापक शेयर बिक्री गर्दा पहिलो प्राथमिकता वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुलाई दिनुपर्ने व्यवस्था रहेको हुँदा सोही अनुरुप नै सम्बन्धित सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। संस्थापक शेयर खरीद गर्न योग्य तथा इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र के कति कित्ता शेयर खरीद गर्न चाहेको हो सो संख्या समेत उल्लेख गरी खरीद आशयपत्र सहित वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्गमा निवेदन दिनुहुन अनुरोध गर्दछौं। तत्पश्चात् सम्बन्धित खरीद/बिक्रीकर्ता संस्थापकको आपसी छलफलबाट खरीद गर्न चाहेको शेयर संख्या र खरीद/बिक्री मूल्यमा सहमति भई खरीद/बिक्रीकर्ता दुबै संस्थापकबाट शेयरको खरीद बिक्रीको स्वीकृतिका लागि समितिमा निवेदन प्राप्त भए पश्चात् सो को आवश्यक जाँचबुझ गरी उचित देखिएमा समितिबाट शेयर खरीद/बिक्रीको स्वीकृति प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ। साथै, सो अवधि भित्र विद्यमान संस्थापक शेयधरनीहरुबाट शेयर खरीद गर्ने सम्बन्धमा कुनै आशयपत्र प्राप्त नभएमा वा आंशिक शेयर खरीदका लागि मात्र आशयपत्र प्राप्त भएमा प्रचलित कानून तथा नियमानुसार अन्य व्यक्ति/संस्थालाई संस्थापक शेयर बिक्री गर्न आवश्यक कारबाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

| क्र.सं. | कोड नं. | बिक्रीकर्ता | बिक्री गरिने जम्मा शेयर संख्या | प्रस्ताव गरिएको न्यूनतम बिक्री मूल्य |
|---|---|---|---|---|
| १ | A–०८२/८३ | बिक्रीकर्ता नं. १ | १७९,७४० | ५०० |
| २ | B–०८२/८३ | बिक्रीकर्ता नं. २ | ७९,५०० | ५०० |
| ३ | C–०८२/८३ | बिक्रीकर्ता नं. ३ | १५,००० | ५०० |
| ४ | D–०८२/८३ | बिक्रीकर्ता नं. ४ | ११,२०० | ५०० |
| ५ | E–०८२/८३ | बिक्रीकर्ता नं. ५ | ६६,००० | ५०० |

ईच्छुक आवेदकले आफुले आवेदन गर्दा कुन बिक्रेताको शेयर खरिद गर्न आवेदन गरेको हो सो को कोड नम्बर सहित आवेदन गर्नुहुन समेत जानकारी गराईन्छ।

**जीवन विकास लघुवित्त वित्तीय संस्था लि.**

**JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)

कटहरी मोरङ्ग, सम्पर्क नं. ९८०२७९६१९६

E-mail: info@jeevanbikasmf.com, Website: www.jeevanbikasmf.com